*कार्यपालिकाबाट स्वीकृत मितिः२०७९।०४।३१*

# मालिका गाउँपालिकाको शिक्षक बैक कार्यविधि, २०७९

**(अस्थायी (करार) शिक्षक, प्रारम्भिक बालविकास शिक्षक, विद्यालय सहयोगी, विद्यालय सहायक र समुदाय परीचालक छनौटका लागि निर्माण गरिएको कार्यविधि)**

प्रस्तावनाः

यस गाउँपालिका भित्र रहेका विद्यालयहरुका आधारभूत र माध्यमिक तहमा रिक्त रहेका स्थायी र राहत अनुदान, करार दरवन्दी, विद्यालय सहयोगी, प्रारम्भिक बालविकास शिक्षक, विद्यालय सहायक र परिचालक अन्तरगतका अस्थायी दरवन्दीमा मालिका गाउँपालिकाको शिक्षा ऐन को परिच्छेद-९, दफा ५४ बमोजिम शिक्षक र कर्मचारी छनौटमा विद्यमान अभ्यासका सम्बन्धमा अभिव्यक्त हुने गरेका जनगुनासालाई समेत मध्यनजर राखी थप व्यवस्थित, गुणस्तरीय, विश्वसनीय, वैद्य र निष्पक्ष तुल्याउन प्रक्रिया आवश्यक देखिएकाले गाँउ शिक्षा समिति मालिका गाँउपालिका गुल्मीको सिफारिस, मालिका गाउँपालिकाको शिक्षा ऐन २०७४ को दफा ५४ सम्वोधन गर्ने उदेश्यले शिक्षक सेवा आयोगवाट स्थायी पदपुर्ति नभएसम्मका लागि अस्थायी करारमा शिक्षक व्यवस्थापन गर्न मिति २०७९।०४।३१ को निर्णयानुसार अब उप्रान्त देहाय अनुसार गर्ने व्यवस्था गर्न बाञ्छनिय देखिएकोले ।

१.१ शिक्षक छनौट प्रकृया :

मालिका गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयवाट यस गाउँपालिकामा रिक्त रहेका र रिक्त हुने सम्भावित पदहरुमा करारमा शिक्षक पदपुर्तिका लागि विज्ञापन भैसकेपछि परीक्षा सञ्चालन गरी योग्यताक्रमका आधारमा सूची तयार गरी अध्यावधिक गराउनका लागि शिक्षक पदपुर्ति समितिले देहाय अनुसार गर्ने गराउने छ ।

क) विज्ञापन प्रक्रियाः विद्यालय व्यवस्थापन समितिको निर्णय गराई शिक्षक रिक्त हुने विद्यालयले रिक्त भएको मितिले ७ दिनभित्र गाउँपालिकाको शिक्षा शाखामा जानकारी दिने, गाउँपालिकाले अनुसूची-१ बमोजिमका ढाँचामा कम्तिमा १५ दिनको सूचना दिई विज्ञापन गर्ने ।

ख) सूचना र जानकारीः विज्ञापन गरेका सूचना अनिवार्यरुपमा सम्बन्धित विद्यालय, वडा र गाउँपालिकाको सूचना पाटीमा विज्ञापन भएको तीन दिन भित्र टाँसेको हुनुपर्ने छ ।

ग) परीक्षा मितिः विज्ञापित पदका लागि शिक्षक पदपुर्ति समितिले प्राथमिक तहको शिक्षक छनौट परीक्षा प्रत्येक १।१ वर्षको अन्तरमा गर्ने । परीक्षाको दिन किटानी शिक्षक पदपुर्ति समितिले गर्ने छ । तर निम्नमाध्यमिक र माध्यमिक तहको शिक्षकको पदपुर्तिको परीक्षा आवश्यक प्रक्रिया पुरा गरी विद्यालयको आवश्यकतानुसार गरिनेछ ।

घ) शिक्षक पदपुर्ति समिति : रिक्त दरवन्दिमा करारमा शिक्षक छनौट गर्नको लागि तपशिल बमोजिमको पदपुर्ति समिति हुनेछ ।

गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत - संयोजक

संयोजकबाट मनोनित माध्यमिक तहको एकजना कम्तिमा व्दितिय श्रेणिको अवकाश प्राप्त शिक्षक- सदस्य

सूचिकृत रोष्टर शिक्षकहरु मध्येबाट गोलाप्रथाव्दारा छनोट गरिएका कम्तिमा २ जना शिक्षक — सदस्य
शिक्षा शाखा प्रमुख — सदस्य सचिव

माथि घ बमोजिम गठित पदपुर्ति समितिको पदावधि दुई वर्षको हुनेछ । उक्त समितिमा आवश्यकतानुसार आमन्त्रित सदस्यहरु राख्न सकिने छ । समितिका अध्यक्ष र सदस्यहरुको पारिश्रमिक यस कार्यविधिले तोकेबमोजिम हुनेछ । साथै परीक्षा सञ्चालन सम्बन्धी अन्य व्यवस्था छनौट समितिको निर्णयानुसार हुनेछ ।

ङ) आवेदन संकलन : उम्मेदवारहरुको आवेदन गाउँपालिकामा दर्ता गर्ने र दर्ता गर्ने अन्तिम समय पश्चात रित पुगेका आवेदकहरूको नाम प्रकाशन गर्ने । तर कर्मचारी र सहजकर्ताको आवेदन संकलन विद्यालयमा गरिनेछ ।

च) आवेदन दस्तुर : शिक्षक पदको उम्मेदवारहरुको आवेदन संघिय शिक्षक आयोगले तोकेको योग्यता तथा आधार र मापदण्डका आधारमा गाउँपालिकामा दर्ता गर्दा आवेदन फाराम सहित प्रा वि रु ७००। नि.मा.वि १०००। मा.वि १५००। मा.वि कक्षा (११।१२) २०००। र प्रारम्भिक बालविकास शिक्षकको रु ५०० सहयोगी कर्मचारीको रु ५००।, विद्यालय सहायकको रु ७००। र परिचालकको रू ५००। आवेदन दस्तुर लिईनेछ ।

छ) परीक्षा केन्द्र : शिक्षक, सहायक कर्मचारी, सहयोगी कर्मचारी र वालविकास सहजकर्ता छनौटका लागि गाँउपालिकामा गाउँपालिका भवनको परिसरमा परीक्षा सञ्चालन गर्ने, कुनै कारणले त्यहाँ सम्भव नभएमा नहुनाका कारण स्पष्ट गरी पदपुर्ति समितिले छनौट पुस्तिकामा उल्लेख गरी अन्य ठाँउमा सञ्चालन गर्ने ।

ज) सार्वजनिक सूचनाको स्पष्टता : दरखास्त दिने उम्मेदवारको लिखित परीक्षा हुने दिन सम्बन्धित विज्ञ छनौट गर्नुपूर्व उपरोक्त नं ख अनुसार भएका प्रमाण जाँच गरी सुनिश्चित भएपछि छनोट समितिको छनोट पुस्तिकामा उल्लेख गरिसकेपछि मात्र विज्ञ छनोट सम्वन्धी प्रक्रिया अगाडि बढाउनुपर्ने छ ।

झ) विज्ञहरुको सूचि तयार गर्ने प्रक्रिया :
शिक्षक, बालविकास शिक्षक, विद्यालय सहायक र विद्यालय कर्मचारी छनौट गर्न, शिक्षा सम्वन्धी विभिन्न अनुसन्धानात्मक कार्यहरु गर्न, शैक्षिक तालिमहरु सञ्चालन गर्ने प्रयोजनार्थ विज्ञहरु छनौटका लागि गाउँपालिकाले २।२ वर्षमा विज्ञापन गरी रोष्टर सूची (विज्ञ सूची) तयार गर्ने छ । इच्छुक उम्मेदवारहरु बाट फारम संकलन गरी प्रक्रियाअनुसार विज्ञहरुको सूचि अध्यावधिक गराइने छ ।

ञ) विज्ञहरु छनौट प्रक्रिया ; पदपुर्ति समितिले गाउँपालिकाले उपलव्ध गराएका सूचिबाट विज्ञहरु छनोट गर्नुपर्ने छ । विशेषज्ञ छनोट गर्दा जुन पद, तह वा विषयका लागि विज्ञापन भएको हो सोही तह अनुसार सूचीमा भएका विज्ञलाई चिठ्टा प्रक्रिया मार्फत छनोट गर्नुपर्ने छ । सो प्रक्रिया अवलम्बन गर्दा चिट्ठा प्रक्रियामा पहिलो पटक छनोट भएका विज्ञ उपलव्ध नभएमा नहुनुका कारण खोलि छनोट समितिको छनोट पुस्तिकामा उल्लेख गरी सोही अनुसार क्रमशः अर्को-अर्को विज्ञ छनौटको प्रक्रिया अगाडि बढाउनुपर्ने छ ।

ट) प्रश्नपत्र निर्माण प्रक्रियाः विशेषज्ञहरुले शिक्षक पदपुर्तिको लागि प्रश्नपत्र निर्माण गर्दा शिक्षक सेवा आयोगव्दारा प्रकाशित पाठ्यक्रम एंव विशिष्टिकरण तालिकालाई पूर्णतः पालना गर्नुपर्नेछ भने प्रारम्भिक बालविकास शिक्षक, विद्यालय सहायक, सहयोगी र परिचालक छनौटका लागि अनुसुचि बमोजिमको पाठ्यक्रमलाई आधार लिइने छ । साथै अन्तरवार्ता शिक्षक सेवा आयोगको पूर्णाङ्कको आधारमा गर्ने । प्रश्नहरु विज्ञहरुबाट परीक्षाको दिन नै निर्माण गरिनेछ ।

ठ) प्रश्नपत्रको गोपनियताः

उपयोक्त उल्लेख भएअनुसार तयार भएका प्रत्येक सेट प्रश्नका खण्ड अनुसारका छुट्टा-छुट्टै पानाहरुलाइ क, ख, ग, घ आदी लेखि छुट्टा-छुट्टै खामम सिलबन्दी गर्ने । परीक्षा सञ्चालन हुने समयमा समितिले प्रत्येक समूहबाट एकएकवटा चिठ्टा प्रथाबाट झिकि परीक्षार्थिलाइ उपलव्ध गराउने व्यवस्था गर्नेछ ।

ड) उत्तरपुस्तिका परीक्षणः

पदपुर्ति समितिले परीक्षा सम्पन्न भएका दिन उत्तर पुस्तिका समितिका सदस्य सचिवले कोडिङ्ग गरी विषेशज्ञहरुवाट  छुट्टाछुट्टै उत्तरपुस्तिका परीक्षण गराउने । सम्बन्धित शिक्षा प्रमुख अथवा विज्ञबाट उत्तरपुस्तिका सम्परिक्षण गराउने । समपरीक्षण पछि फरक-फरक परीक्षकले दिएका प्राप्ताङ्क गोप्यरुपमा राखी सदस्य सचिवलाई राख्न दिने । सदस्य सचिवले औषत निकाली लिखित प्राप्ताङ्क प्रदान गर्ने । उत्तरपुस्तिका परीक्षणको समयमा तोकिएका अधिकृतले बाहेक अरुले उत्तरपुस्तिका हेर्न नहुने ।

ढ)  परीक्षाको नतिजा प्रकाशनः

छनौट समितिले  सफल सबै उम्मेदवारहरूको नाम वर्णानुक्रमका आधारमा नतिजा प्रकाशन गर्ने ।

ण) अन्तरवार्ता सञ्चालन प्रक्रिया

शिक्षक पदपुर्ति समितिले प्रश्नपत्र निर्माण,  र उत्तरपुस्तिका परीक्षणमा संलग्न विशेषज्ञ सदस्यहरुको सहयोगमा लिखित परीक्षा सञ्चालन भएको हलमा लिखित परीक्षामा सफल उम्मेदवारहरुको अन्तरवार्ता सञ्चालन गर्नुपर्ने छ । अन्तरवार्ताकारमा शिक्षक पदपुर्ती समितिका संयोजक, सदस्यसचिव, दुईजना विज्ञ र माध्यमिक तहको अवकाश प्राप्त स्थायी शिक्षक गरी पाँच जना रहनेछन् । अन्तरवार्ताबाट उम्मेदवारका योग्यता परीक्षण गर्दा शिक्षक सेवा आयोगको अन्तरवार्ताको पुर्णाङ्क र उत्तिर्णाङ्कका आधारमा गर्ने ।

त) अन्य परीक्षा :

प्रारम्भिक बालविकास शिक्षक, विद्यालय सहायक , सहयोगी र परिचालकको नियुक्ति अन्तरवार्ता र लिखित परीक्षाको माध्यमबाट गरिने छ । अन्तरवार्ताको अंकको मापदण्ड शिक्षक सेवा आयोग अनुसार हुने र लिखित परीक्षाको पाठ्यक्रमको ढाँचा कार्यविधिको अनुसुचि बमोजिम हुनेछ ।

थ) अन्तिम नतिजा प्रकाशनः

छनौट समितिले लिखित र अन्तरवार्तामा अधिकतम् अंक ल्याउने उम्मेदवारमध्ये सबैभन्दा बढी अंक ल्याउने परीक्षार्थीलाई नियुक्तिका लागि गाउँपालिकामा सिफारिस गर्ने ।

द) करार सूचिमा उम्मेदवारको नामावली प्रकाशन गर्नेः

गाउँपालिकाले विभिन्न विद्यालयका रिक्त दरवन्दीमा शिक्षक पदपुर्ति गर्नको लागि करार शिक्षकहरुको नामावली प्रकाशन गर्नेछ । करार उम्मेदवारहरुको नामावली प्रकाशन गर्दा छनौट परीक्षामा सफल सबै उम्मेदवारहरुको योग्यताक्रमका आधारमा गरिनेछ । रिक्त रहेका विद्यालयमा करार सूचिवाट नियुक्ति गरिनेछ ।

ध) नियुक्तिः

उपरोक्त अनुसार पदपुर्ति समितिले लिखित परीक्षा र अन्तरवार्तावाट उत्कृष्ट अंकको आधारमा सिफारिस गरेका सफल उम्मेदवारलाई गाउँपालिकाले विदयालयको मागका आधारमा नियुक्ति गर्न विद्यालय व्यवस्थापन समितिलाई सिफारिस गर्ने । करार सूचिमा रहेका उम्मेदवारहरूले योग्यताक्रमका आधारमा

विद्यालय छनोट गर्न सूचना प्रकाशन गरेको ३ दिन भित्र निवेदन दिने । कुनै उम्मेदवार योग्यताक्रमअनुसार सिफारिस विद्यालयमा न गएमा यसपटकको लागि करार सूचिबाट स्वतः हटनेछ ।

न) नवीकरणः माथि जुनसुकै कुर लेखिएको भएता पनि कुनै कारणले प्रत्येक वर्ष विज्ञापन नभएमा यसरी करार सूचीमा छनोट भएका उम्मेदवाहरूलाई सूचना प्रकाशन गरी थप १ वर्षको लागि नवीकरण गर्न सकिनेछ ।

प) योग्यताः

शिक्षक पदको लागि शिक्षक सेवा आयोगले निर्धारण गरेको योग्यता बमोजिम हुनेछ । प्रारम्भिक वालविकास शिक्षक र परिचालकको लागि न्युनतम एस.इ.इ उत्रिर्ण, विद्यालय सहयोगीका लागि साधारण लेखपढ गर्न सक्ने र विद्यालय सहायक पदका लागि व्यवस्थापन संकाय प्लस टु उत्रिर्ण वा गणित, अर्थशास्त्र विषयलिई सो-सरह पास गरेको र कम्प्युटर तालिम प्राप्त उम्मेदवारहरु योग्य हुनेछन् । प्रारम्भिक बालविकास शिक्षक, सामुदायिक सिकाई केन्द्र परिचालक तथा विद्यालय कर्मचारी छनौटको पाठ्यक्रम अनुसूचि ३ मा उल्लेख भएबमोजिम हुनेछ ।

म) पाठ्यक्रमः शिक्षक सेवा आयोगले तोके बमोजिम ।

१.२ परीक्षा अनुगमनः

गाउँ शिक्षा समितिका संयोजक, उपसंयोजक, तोकिएको समितिका सदस्यबाट परीक्षा सञ्चालन, प्रश्नपत्र निर्माण र उत्तरपुस्तिका परीक्षण कार्यको सघन अनुगमन गर्ने व्यवस्था गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयले मिलाउने । गाँउ शिक्षा समितिका सदस्य सचिवले कार्यालयका कुनै कर्मचारी वा स्रोत व्यक्तिलाई लिखित वा मौखिकरुपमा परीक्षा अनुगमनका लागि तोक्न सक्नेछन् ।

१.३ पारिश्रमिकः

शिक्षक पदपुर्तिका लागि गाउँपालिकाले एक जना उम्मेदवारबाट तोकिएको दरखास्त दस्तुर तोक्न सक्नेछ । शिक्षक छनोट कार्यमा सहभागी समितिका सदस्य र विज्ञलाई एक दिन बराबर सम्बन्धित तहको मासिक तलबको १०% भन्दा कम नहुने गरी पारिश्रमिक उपलव्ध गराउन सक्ने छ । एक जना विज्ञ एक भन्दा बढी कार्यमा जस्तो प्रश्नपत्र निर्माण, परिमार्जन, परीक्षण, समपरीक्षण र अन्तरवार्तामा संलग्न भएमा छुट्टा छुट्टै कामका लागि अलग-अलग पारिश्रमिक दिन वाधा पर्ने छैन ।

१.४ मोवाइल फोन बन्द गर्नुपर्नेः

परीक्षासम्बन्धी विज्ञले परीक्षा सम्बन्धी कार्यमा संलग्न हुनुपूर्व परीक्षार्थी समक्ष प्रश्नपर्त हात नपर्दासम्म र उत्तरपुस्तिका परीक्षणका समयमा मोबाइल स्वीच अफ गरी छनोट समितिलाइ जिम्मा लगाउनुपर्ने छ ।

१.५ बाधा अड्काउ हटाउने अधिकार ।यस कार्यविधिको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन सूचना प्रकाशित गरी आदेश निकाल्न सक्नेछ । र त्यस्तो आदेश यसै कार्यविधिमा परेसरह मानिनेछ ।

## अनुसुचिहरु

## अनुसूचि-१

### करारमा शिक्षक तथा कर्मचारी आवश्यकताको लागि विज्ञापन

प्रस्तुत विषयमा श्री मालिका गाउँपालिकाको शिक्षक बैंक कार्यविधि २०७८ बमोजिम यस गा.पा अन्तर्गतका विद्यालयमा करारमा शिक्षक छनौट गरी रिक्त दरवन्दी पदपुर्ति र विज्ञापनको १ वर्षसम्म

करारमा शिक्षक अध्यावधिक गर्नको लागि तपशिल बमोजिमका शिक्षक आवश्यक रहेकाले शिक्षक सेवा आयोगले तोकेको योग्यता पुगेका इच्छुक उम्मेदवारहरुबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

पदः शिक्षक/विद्यालय सहायक/सहयोगी /बालविकास शिक्षक/ परिचालक

तहः

विषयः

संख्याः

उमेरः १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको, (शिक्षक, सहजकर्ता र कर्मचारी)

शैक्षिक योग्यताः आधारभुत तहका लागि सम्वन्धीत विषयमा आई एड वा सो सरह माध्यमिक तहको लागि सम्वन्धीत विषयमा वि.एड वा सो सरह, उत्रिर्ण ।

आवश्यक कागजातहरुः

नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, न्यनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, अध्यापन अनुमतिपत्रको प्रमाणपत्रको प्रतिलिपी, निवेदन

दरखास्त दिने अन्तिम मितिः

दरखास्त दिने स्थानः मालिका गा.पा को शिक्षा शाखा

दरखास्त दस्तुर ; प्रा वि (७००) नि मा वि (१०००) मा वि (१५००) र मा.वि (११-१२) २०००। विद्यालय सहायक (७००), विद्यालय सहयोगी (५००), परिचालक (५००) ।

परीक्षा मिति ;

अनुसूचि-३

क) विद्यालय सहायक , सहयोगी, प्रारम्भिक बालविकास शिक्षक तथा सामुदायिक अध्ययन केन्द्र परिचालकको नियुक्तिका लागि अन्तरवार्ता तथा लिखित परीक्षाको पाठ्यक्रमः

विद्यालय सहयोगीः

| क स | विषयवस्तु | पूर्णाङ्क |
|---|---|---|
| १ | व्यक्तित्व र सरसफाई | १० |
| २ | नेपाली भाषा सम्बन्धी ज्ञान | १० |
| ३ | काम कर्तव्य र अधिकार | १० |
| ४ | वालमैत्रि शिक्षा र व्यवहार | १० |
| ५ | व्यवस्थापकीय पक्ष र कुशलता | २० |
| ६ | गणित सम्बन्धी सामान्य ज्ञान | १० |
| ७ | अंग्रेजी सम्बन्धी सामान्य ज्ञान | १० |
|  | विषयगत ८० र २० पुर्णाङ्कको सामान्य परीक्षा गरी | १०० |
|  | अन्तर्वार्ता | २५ |

प्रारम्भिक बालविकास शिक्षकको पाठ्यक्रमः

| क स | विषयवस्तु | पूर्णाङ्क |
|---|---|---|
| १ | बाल मनोविज्ञान र बालमैत्रि सहजिकरण सीप | १० |
| २ | बिभिन्न खेल विधि र सिकाई सम्वन्धी ज्ञान | १० |
| ४ | भाषा र गणितिय ज्ञान | २० |
| ५ | सरसफाई स्वास्थ्य तथा पोषणसम्वन्धी ज्ञान सीप | १० |
| ६ | स्थानीय सामाग्री र सिर्जनात्मक कला | १० |
| ७ | शिक्षक विद्यार्थी र अभिभावक विचको  अन्तरसमवन्ध | १० |
| ८ | शिक्षा ऐन नियम संविधानमा बालवालिका र बालविकास सम्वन्धी ज्ञान | १० |
| | जम्मा | ८० |
| | विषयगत ८० र २० पुर्णाङ्कको सामान्य परीक्षा गरी | १०० |
| | अन्तर्वार्ता | २५ |

**विद्यालय सहायक कर्मचारी**

| क्र.स | विषयवस्तु | पूर्णाङ्क |
|---|---|---|
| १ | गणित(नाफा नोक्सान व्याज, प्रतिशत, ऐकिक नियम, घरायसी अंकगणित र क्षेत्रमिति) | २० |
| २ | कम्प्युटर (परिचय विभिन्न अंगको जानकारी तथा प्रयोग) | २० |
| ३ | लेखा र लेखाङ्कन गोश्वारा भौचर दर्ता चलानी आर्थिक प्रतिवेदन  जिन्सी खरिद, लेखापरीक्षण, वेरुजु, कर र पेश्की विभिन्न लेखा सम्वन्धी ढाँचा, अभिलेख व्यवस्थापन) | ४० |
| ४ | प्रशाशन र व्यवस्थापन, नेतृत्व, उत्प्रेरणा, योजना, व्यवस्थापन, विकास, संविधान, प्रशासन र व्यवस्थापन सम्वन्धी विभिन्न ऐन नियमको जानकारी | १० |
| ५ | व्यवस्थापकीय पक्ष र कुशलता | १० |
| ६ | विषयगत १०० र सामान्य परीक्षा १०० गरी जम्मा | २०० |
| ७ | प्रयोगात्मक | आवश्यकतानुसार |
| | अन्तरवार्ता | २५ |

**सामुदायिक सिकाई केन्द्र परिचालकको पाठ्यक्रम**

| क स | विषयवस्तु | पूर्णाङ्क |
|---|---|---|
| १ | नागरिक शिक्षा सम्वन्धी ज्ञान | १० |
| २ | भाषा र गणितिय सीप सम्वन्धी ज्ञान | १० |
| ३ | विज्ञान वातावरण र सूचना प्रविधि सम्वन्धि ज्ञान | १० |
| ४ | सामुदायिक सिकाई केन्द्र सम्वन्धी ज्ञान | ५ |
| ५ | अनौपचारिक शिक्षा र सिकाई सम्वन्धी ज्ञान | १० |
| ६ | सरसफाई स्वास्थ्य तथा पोषणसम्वन्धी ज्ञान सीप | १० |
| ७ | स्थानीय सामाग्री र सिर्जनात्मक कला | १० |
| ८ | समुदाय र सरोकारवाला विचको अन्तरसम्वन्ध | १० |
| ९ | शिक्षा ऐन नियम र संविधानमा अनौपचारिक शिक्षा सम्वन्धी ज्ञान | ५ |
| | लिखित ८० र बस्तुगत २० पूर्णाङ्कको गरी जम्मा | १०० |
| | अन्तर्वार्ता | २५ |

समाप्त